# श्री चौधरीया गाउँ सामुदायिक वन उपभोक्ता समूह

बाँसगढी-७, बर्दिया

## काठ ।दाउरा बोलपत्र द्वारालिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८३।०१।२९ गते यस समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.ब २०८२।०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय बर्दियाको च.न.४५९५ ,मिति २०८३।०१।२५ गतेको लिलाम सहमति पत्रानुसार समुहको घाटगढ्डीमा रहेको निम्न परिमाणको गोलिया काठ ।दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि बोलपत्र द्वारा लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक काठ ।दाउरामा आधारित उद्योगले सन्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत उद्योगले यो सूचना **श्री मिसन टुडे राष्ट्रिय दैनिक पत्रीका**, प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समय भित्र यस समुह वा डिभिजन वन कार्यालय बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ ।

(१) वन पैदावारको विवरण :

**तपशिल**

**लट नं.१**

| सि.न. | जात | ग्रेड | गोलिया थान | परिमाण(घ.फि.) | दर | न्युनतम मुल्य रु. | संकलन खर्च रु दर | संकलन खर्च रु जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | साल | A | १५ | २९०.२५ | १२५० | ३६२८१३ | १४४ | ४१७९६. | |
| २ | साल | B | ५० | ५४१.०४ | ९०० | ४८६९३६ | १४४ | ७७९०९.७६ | |
| ३ | साल | C | ६६ | ४३०.९६ | ६०० | २५८५७६ | १४४ | ६२०५८.२४ | |
| ४ | साल | D | ४ | ५.२९ | ३०० | १५८७ | १४४ | ७६१.७६ | |
| जम्मा | | | १३५ | १२६८ | ३०५० | ११०९११२ | ५७६ | १८२५२६ | |
| **सि.न.** | **जात** | **किसिम** | **चट्टा थान** | **परिमाण** | **दर** | **न्युनतम मुल्य रु.** | **संकलन खर्च रु दर** | **संकलन खर्च रु जम्मा रु** | **कैफियत** |
| ५ | साल | दाउरा | ६ | ६ | १२००० | ७२००० | १०९०० | ६५४०० | |
| जम्मा | | | ६ | ६ | १२००० | ७२००० | १०९०० | ६५४०० | |
| काठ तथा दाउराको जम्मा न्युनतम रकम रु. | | | | | | ११८१११२ | | | |

(२) **जम्मा** बोलपत्र खरिद दाखिला गर्नु पर्ने अन्तिम मिति र समय :

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०२।१८ गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०२।१९ गते दिउँसो १२:०० बजे भित्र

(३) बोलपत्र साथ कबोल गरेको रकमको १०% ले हुना आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैंक लि.बाँसगढी शाखामा रहेको खाता नं.४५६०१०००००३५७००१मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

(४) बोलपत्र फारम प्रति लटको रु १०००/- पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

अध्यक्ष

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन काठ ,दाउरामा आधारित उद्योग सन्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत ईच्छुक उद्योगले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागारिकताको प्रमाणपत्रको प्रतिलिपी ,उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी ,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र वा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्रको प्रतिलिपी कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र उद्योग सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(७) निर्धारित न्युनतम सँख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।१९ गते यस समुहको कार्यालयमा दिउँसो २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन सार्वजनिक विदा परेमा सो को लगतै भोतिपल्ट खोलिनेछ ।

(८) लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर सङ्कलन खर्च बुझाई लिलाममा बढाएको वन पैदावार तोकिएको अवधिभित्र उठँय लैजानु पर्नेछ ।

(९) बोलपत्रमा साकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

(१०) बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ ।

अध्यक्ष

नीति तथा कार्यक्रम

# अटाएनन् रामारोशन र बडिमालिका

**शेरबहादुर ऐर**
*कैलाली, २८ वैशाख*

'मान्छेले देशलाई स्विजरल्यान्ड बनाउनुपर्छ भन्छन्, तर स्विजरल्यान्डको बाउ बडिमालिका र त्यसको पराकाष्ठा रामारोशन यहीँ छ भने किन बनाउनु पर्‍यो स्विजरल्यान्ड ?' धनगढीमा आयोजित कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले व्यक्त गरेको धारणा हो यो । तर, अहिले उनकै नेतृत्वमा सरकार रहेको छ । पहिलोपटक नीति तथा कार्यक्रम ल्याउँदा उनको नीति तथा कार्यक्रममा रामारोशन र बडिमालिका शब्द नै देखिएन ।

राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार पेस गरेको नीति तथा कार्यक्रममा भनिएको छ- 'नेपाललाई विश्वको आध्यात्मिक पर्यटन केन्द्र बनाउने उद्देश्यले 'देवभूमि नेपाल' राष्ट्रिय अभियान चलाइनेछ । नेपाललाई धार्मिक, सांस्कृतिक, स्वास्थ्य, अध्ययन, चलचित्र, आध्यात्मिक तथा घुमफिर पर्यटनका लागि आकर्षक ठाउँका रूपमा विकास गरिनेछ । साथै, आध्यात्मिक तीर्थ-पर्यटन नीतिमार्फत पशुपतिनाथ मन्दिर, लुम्बिनी र मुक्तिनाथ मन्दिरजस्ता धार्मिक क्षेत्रहरूको प्रचार-प्रसार गरिनेछ ।'

नीति तथा कार्यक्रमको बुँदा नम्बर ४० मा भनिएको छ- 'नेपाललाई साहसिक पर्यटनको आकर्षक गन्तव्य बनाउन पर्वतारोहण, ट्रेकिङ, र्‍याफ्टिङ, प्याराग्लाइडिङ, बञ्जी जम्प, स्काइडाइभिङजस्ता साहसिक खेलहरूको विकास गरिनेछ । यसका लागि आवश्यक पूर्वाधार, सुरक्षा मापदण्ड र अन्तर्राष्ट्रिय प्रचारलाई अझ बलियो बनाइनेछ । प्रकृति, संस्कृति र स्थानीय समुदायमा आधारित नयाँ पर्यटन प्रणाली विकास गरिनेछ ।

कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश, मधेश प्रदेश र कोशी प्रदेशलाई विशेष प्राथमिकता दिई नयाँ पर्यटकीय गन्तव्यहरूको प्रचार गरिनेछ । हिमाल, पहाड र तराई क्षेत्रमा कम्तीमा १० नयाँ पदमार्ग (ट्रेकिङ रुट) पहिचान गरी प्रवर्द्धन गरिनेछ । साथै, नेपाल पर्यटन बोर्डलाई सार्वजनिक-निजी साझेदारी मोडेलमा पुनः संरचना गरी अझ आधुनिक र नवप्रवर्तनशील बनाइनेछ ।'



सुदूरपश्चिम प्रदेश भ्रमणका क्रममा प्रधानमन्त्री बालेनले सामाजिक सञ्जालमा लेखेका थिए -'सुदूर अब दुर नाई । झिक्कै झिक्कै माया ।' तर, सोमबार पेस भएको नीति तथा कार्यक्रममा सुदूरपश्चिम प्रदेशका राष्ट्रिय गौरवका आयोजनाका नाम नै भेटिएनन् । गत वर्षदेखि नीति तथा कार्यक्रममा छुट्दै आएको राष्ट्रिय गौरवको आयोजना फाप्ला क्रिकेट मैदान बालेन नेतृत्वको सरकारको पनि प्राथमिकतामा देखिएन । नीति तथा कार्यक्रममा भनिएको हुन्थ्यो - 'फाप्ला क्रिकेट मैदानको पूर्वाधार निर्माणकार्य अघि बढाइने छ ।'

तर, आगामी आर्थिक वर्षको नीतिमा भनिएको छ - 'खेलकुदलाई राष्ट्रिय एकता, स्वास्थ्य, पर्यटन र अर्थतन्त्रसँग जोडेर विकास गरिनेछ । विद्यालय तहदेखि नै खेल प्रतिभा पहिचान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । खेल क्षेत्रलाई व्यावसायिक बनाइनेछ, निजी क्षेत्रको सहभागिता बढाइनेछ र खेलाडीहरूको सामाजिक सुरक्षा सुनिश्चित गरिनेछ । साथै, राष्ट्रिय स्वयंसेवक कार्यक्रम सञ्चालन गरी युवालाई डिजिटल साक्षरता, समुदाय सेवा, नवप्रवर्तन र स्थानीय विकासका काममा सहभागी गराइनेछ ।'

यहाँ संघीय सरकारले नीति तथा कार्यक्रम ल्याउँदा जहिले चर्चाको विषय बन्ने गर्छ -'सहिद दशरथचन्द विश्वविद्यालयमा चिकित्सालय शिक्षा कहिलेदेखि सुरु हुन्छ ?' तर, यो विषय पनि नीति तथा कार्यक्रममा समावेश हुन सकेन् । नीति तथा कार्यक्रमकै आधारमा बजेट तयारी हुन्छ । तर, अहिले नीतिमै स्पष्ट कार्यक्रमहरू समावेश नहुँदा वर्षौंदेखि अधुरै रहेका प्रदेशका राष्ट्रिय गौरवका आयोजना सञ्चालन हुनेमा पनि स्पष्टता छैन ।

उद्योग वाणिज्य महासंघ सुदूरपश्चिम प्रदेश समितिका अध्यक्ष शंकर बोगटीले नीति तथा कार्यक्रममा राष्ट्रिय गौरवका आयोजनाका कार्यक्रम समावेश नहुनु दुर्भाग्यपूर्ण रहेको बताए । उनले भने, 'वर्षौंदेखि अधुरो र अपुरो रहेका आयोजनाहरू नीति तथा कार्यक्रममा समावेश भएन । यसमा समावेश नभए पनि आगामी बजेटमा यी (कार्यक्रम तथा योजनाहरू समावेश गराउनतर्फ सुदूरपश्चिमका सरोकारवालाहरूले दबाब दिनुपर्छ ।'

पेस भएको नीति तथा कार्यक्रमले सुदूरपश्चिमवासी निराश छन् । वर्षौंदेखि संरचना बनेको सहिद दशरथचन्द विज्ञान विश्वविद्यालयमा अहिलेसम्म चिकित्सालय अध्यापन सुरु हुन सकेको छैन । पर्यटन व्यवसायी तथा उद्योगी दिनेशराज भण्डारी भन्छन्, 'नीति तथा कार्यक्रममै उल्लेख भएको भए यहाँका नागरिक खुसी हुन्थे । तर, अहिले नै निराश भइरहनुपर्ने अवस्था छैन । बजेटमा समावेश हुन्छ कि हुँदैन हेरौँ ।'

# नवजीवनको निर्वाचनमा मिश्र प्यानल घोषणा

**मिसन संवाददाता**
*धनगढी, २८ वैशाख*

कैलालीको धनगढीमा प्रधान कार्यालय रहेको नवजीवन सहकारीको अध्यक्षका उम्मेदवार केशवराज मिश्र समूहले प्यानल घोषणा गरेको छ । सोमबार धनगढीमा पत्रकार सम्मेलन गर्दै मिश्र समूहले प्यानल घोषणा गरेको हो ।

अध्यक्षका उम्मेदवार मिश्रसँग दुई कार्यकाल कार्यसमिति सदस्य र एक कार्यकाल सल्लाहकार भइसकेको अनुभव छ । मिश्र प्यानलबाट सहकारीको उपाध्यक्षमा उपेन्द्र विष्ट उम्मेदवार छन् । यस्तै सदस्यमा गिरीराज भण्डारी, नरेन्द्रराज अवस्थी, भेषबहादुर बम, योगेन्द्र मल्ल, राजेन्द्रप्रसाद जोशी, सुरजबहादुर रैका र हिक्मतबहादुर कुँवर उम्मेदवार छन् । लेखा सुपरीवेक्षक समितिमा चेतराज जोशी संयोजक तथा टेकराज जोशी र दिलिप रोक्का क्षेत्री सदस्यमा उम्मेदवार छन् ।




यस्तै, पत्रकार सम्मेलनमा मिश्र प्यानलले प्रतिबद्धतापत्र पनि सार्वजनिक गरेको छ । 'सहकारी बचतकर्ताको भविष्य हो, सञ्चालक र तिनका परिवारको पेवा होइन,' भन्ने नारासहित मिश्र प्यानलले प्रतिबद्धतापत्र सार्वजनिक गरेको हो ।

'सहकारी शिक्षा तथा सचेतनामार्फत सेयर सदस्यको सहभागिता बढाइ 'सदस्यद्वारा सञ्चालित' सहकारी बनाउने, खराब कर्जाका फाइलहरूका लागि समिति गठन गरी त्यस्ता फाइलहरूलाई फछ्र्यौट गर्ने तथा स्थिर सम्पत्तिमा गरिने लगानी पुनर्विचारका लागि समिति बनाइ अध्ययन गर्ने, एक घर-एक सदस्यको व्यवस्था गर्ने, निर्वाचनलक्षित सदस्यहरू घटाइ सक्रिय सदस्यहरू मात्र रहने व्यवस्था गर्ने, सदस्यहरूलाई क्रमिक स-सानो बचत गराउने अभ्यासको प्रोत्साहन गर्ने' उनीहरूको प्रतिबद्धतापत्र भनिएको छ - 'कर्मचारी भर्ना प्रक्रिया तथा तहवृद्धिलाई पारदर्शी बनाइ निजहरूको विषय दक्षता र व्यवसायिकता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने, सहकारीको वस्तुस्थिति, वित्तीय अवस्था कारोबार र संलग्नता झल्किने श्वेतपत्र जारी गर्ने, सञ्चालक तथा पदाधिकारी एवं व्यवस्थापन तहको कर्मचारीको सम्पत्ति विवरण एक महिनाभित्र सार्वजनिक गर्ने, सेवाग्राहीसँग नम्र र मर्यादित व्यवहार सुनिश्चित गर्ने र कर्मचारीले म तपाईँलाई के सहयोग गर्न सक्छु ? भनेर सोध्ने बानी र संस्कृतिको विकास गर्ने ।'

सो समूहले १६बुँदे प्रतिबद्धतापत्र जारी गर्दै चुनावमा होमिएको छ । सहकारीको चुनावी साधारणसभा ९ जेठमा हुँदैछ । गोपालराज पाठक र घनबहादुर शाह समूह पनि प्यानलसहित चुनावी मैदानमा छ ।

# विद्यालमा आर्थिक अनियमितता, छानबिनको माग



**डोटी ।** डोटीको दीपायल सिलगढी नगरपालिका-४ राजपुरस्थित सुजङ इङ्लिस बोर्डिङ स्कुलमा अनियमितताको आरोप लगाउँदै जिल्ला प्रशासन कार्यालय डोटीमा छानबिनको माग गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय डोटीमा पेस गरिएको निवेदनमा उक्त विद्यालय सन् १९९५ मा कोरियन एभरग्रीन होसन्ना काउन्सिलद्वारा निर्माण तथा सञ्चालन गरिएको उल्लेख छ । काउन्सिलको समयावधि सकिएपछि स्थानीय भक्तबहादुर बलायरको नाममा रहेको एनजीओ ग्रामीण विकास सेवा केन्द्रलाई संस्थाको जिम्मेवारी दिइएको र त्यसपछि गुठी दर्ता गरी विद्यालय नाफारहित सामुदायिक विद्यालयका रूपमा सञ्चालन हुँदै आएको जनाइएको छ ।

निवेदनमा करिब १२ वर्षअघि भक्तबहादुर बलायरले आफ्ना नातेदार नरेश बलायरलाई प्रतिनिधि बनाएर 'नवीन फाउन्डेसन' नामक एनजीओलाई विद्यालय भाडामा दिएको आरोप लगाइएको छ । विद्यालयबाट चर्को शुल्क उठाएर होस्टेल समेत सञ्चालन गरिएको, तर कुनै लेखाजोखा नराखी राज्यलाई करछली गरिएको दाबी निवेदनमा गरिएको छ ।

त्यस्तै, नगरविकास मातहतको जग्गा लिजमा लिएर त्यसको भाडा समेत नतिरेको तथा विद्यालयको खातामा जम्मा हुनुपर्ने करोडौँ रकम हिनामिना गरिएको आरोप समेत लगाइएको छ ।

निवेदनमार्फत नवीन फाउन्डेसनका प्रतिनिधि नरेश बलायर, ग्रामीण विकास सेवा केन्द्रका तत्कालीन अध्यक्ष भक्तबहादुर बलायर र उनका परिवारका सदस्यहरूको खातापाता तथा जायजेथा छानबिन गरी कारबाही गर्न माग गरिएको छ ।

उक्त निवेदनको बोधार्थ अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, दीपायल सिलगढी नगरपालिका तथा विभिन्न सञ्चारमाध्यमलाई समेत दिइएको छ ।

यता डोटीका प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे नेपालले विद्यालयमाथि छानबिनका लागि शिक्षा समन्वय इकाइलाई निर्देशन गरिने बताइन् । ग्रामीण विकास सेवा केन्द्रका तत्कालीन अध्यक्ष बलायरले भने विद्यालय वैधानिक रूपमै सञ्चालन भइहेको दाबी गरे । 'कुनै अनियमितता भएको छैन, आरोपमा सत्यता छैन,' उनले भने ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८३।०१।२९**

यस श्री चौधरीया गाउँ सामुदायिक वन उपभोक्ता समूह, बाँसगढी-७, बर्दियाको वनबाट उत्पादन भई यस समूहको घाट्गद्दीमा लट बनाई राखिएको साल जातको १२६७।५४ घ.फि. काठ र साल जातको दाउरा ६, चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठमा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत ईच्छुक उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन (२०८३।०२।१८ गते) कार्यालय समयभित्र खरिद गरी २२ औं दिन (२०८३।०२।१९ गते) दिउँसो १२.०० बजे भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

अध्यक्ष
**श्री चौधरीया गाउँ सामुदायिक वन उपभोक्ता समूह**
**बाँसगढी -७, बर्दिया**

**कोहलपुर नगरपालिका**
**१२ नं. वडा कार्यालय**
**रामजानकी टोल, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**सूचना! सूचना!! सूचना!!!**

प्रस्तुत विषयका सम्बन्धमा बाँके जिल्ला कोहलपुर नगरपालिका वडा नं. १२ बस्ने श्री शुष्मा गौतमले आफ्नो नाममा साविक चटार नक्सा ४ङ कित्ता नं. २४४३ क्षेत्रफल ०-०-१६.७५१ भएको जग्गामा बनेको घरमा ठेगाना थाहा नभएको मोहन रोका मगर मिति २०८२/०८/०१ देखि आफ्नो घरमा भाडामा बस्दै आएकोमा हाल उक्त व्यक्ति सम्पर्क समेत नभएको र मेरो २ वटा कोठामा ताल्चा लागेको हुँदा सो ताल्चा खोल्नको लागि यस कार्यालयमा निवेदन दिएकोमा त्यहाँबाट उक्त व्यक्तिलाई सम्पर्कको लागि ७ दिने सूचना प्रकाशित गरिएको छ ।

**दोहना प्रसाद थारु**
**का.वा.अध्यक्ष**

**दर्ता खारेजीको हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०१/१२ मा दर्ता भएको प्रा.लि.नं. ३३४८१०/०८०/०८१ को माउन्ट एभरेष्ट शिखर ट्रेडिङ प्रा.लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मितिः २०८३/०१/२५ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसै को बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदकः हरि राम पौडेल**
लिक्विडेटर (इजाजत पत्र नं. ४९७)
फोन नं. ९८४१४२००६९

**CYPRUS मा रोजगार** Georgios Kontogiannis Private Employment & Immigration Services

पुर्व स्वीकृती मितिः २०८३/१/२८ चलानी नं. : ६०२५५२१५ LT No.: 341837

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Domestic Worker | 0 | 5 | साधारण | 400 | ७१,०००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Employee | 9 | 5 | साधारण | 650 | १,१५,५३५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| ३. | Labour | 3 | 3 | साधारण | 500 | ८८,८७५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

अन्तरवार्ता २०८३ जेष्ठ ५ गते (19 May, 2026) यस प्रा. लि. को कार्यालय समाखुसी काठमाडौंमा हुनेछ ।

AGNI OVERSEAS
**अग्नि ओभरसिज प्रा. लि.**
श्रम ईजाजत नं.: ९५९/०६७/०६८
सामाखुसी-२६, गोंगबु आवास क्षेत्र, काठमाण्डौ फोनः ०१-४९५१६६२, ९८४०४११७८५ (माया खड्का)

**कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८३/०१/२९ गते मिसन टुडे दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली कार्यबिधी बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

**नेपालगंज सुर्खेतरोड, बाँके**

**ऋणीको विवरण**

१. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०८१/०६/२० मा दर्ता नं.३५३५५१/८१/८२ कायम भई दर्ता रहेको बाँके जिल्ला, खजुरा गा.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **सिकल्स स्टोर्स एण्ड सप्लायर्स प्रा.लि. ।**
**संञ्चालक - महेन्द्र थारू**

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **महेन्द्र थारू**
ना.प्र.नं.- २२१६२
जारी मिति - २०६०/०९/२५ जि.प्र.का. बर्दिया
बाबु - गोकर्ण थारु
बाजे - जोखन थारु
स्थायी ठेगाना- बर्दिया जिल्ला, मोतिपुर गा.वि.स, वडा नं. ०१
हालको ठेगाना- बाँके जिल्ला, खजुरा गा.पा. वडा नं ०१

२. **ललिता चौधरी**
ना.प्र.नं.- ६५-०१-७०-०४६६९
जारी मिति - २०७०/०९/१४ जि.प्र.का. बर्दिया
बाबु - बुद्धीराम चौधरी
पति - महेन्द्र थारु
स्थायी ठेगाना- बर्दिया जिल्ला, मोतिपुर गा.वि.स, वडा नं. ०१
हालको ठेगाना- बाँके जिल्ला, खजुरा गा.पा. वडा नं ०१

**धितो सुरक्षणको विवरण**

१. **सिकल्स स्टोर्स एण्ड सप्लायर्स प्रा.लि.**को नाममा मालपोत कार्यालय, कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १३ स्थित कित्ता नं. ३५ को क्षे.फ. ७३५.८० (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
२. ऋणी **सिकल्स स्टोर्स एण्ड सप्लायर्स प्रा.लि.** को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

**चरिकोट दोलखा**

**ऋणीहरूको विवरण**

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य बिभाग, घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय दोलखामा मिति २०६९/०८/२८ मा प्रा.फ.र.नं. ७६९/०६९/०७० कायम भई दर्ता रहेको दोलखा जिल्ला, लामावगर गा.वि.स. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **एस.के.खाद्य स्टोर्स ।**
**प्रोप्राइटर सन्जय के.सी.**

२. **सन्जय के.सी.**
ना.प्र.नं.-२२१०१४-१७२
जारी मिति - २०६६/११/०३, जि.प्र.का. दोलखा
बाबु/आमा - भगत बहादुर के.सी./दुर्गा थापा
बाजे - चन्द्र बहादुर खत्री के.सी.
स्थायी ठेगाना- दोलखा जिल्ला, भीमेश्वर न.पा., वडा नं. ०३
हालको ठेगाना- ऐ.ऐ.

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **सन्जय के.सी.**
ना.प्र.नं.-२२१०१४-१७२
जारी मिति - २०६६/११/०३, जि.प्र.का. दोलखा
बाबु - भगत बहादुर के.सी.
बाजे - चन्द्र बहादुर खत्री के.सी.
स्थायी ठेगाना- दोलखा जिल्ला, भीमेश्वर न.पा., वडा नं. ०३ हालको ठेगाना- ऐ.ऐ.

२. **भगत बहादुर के.सी.**
ना.प्र.नं.-३६२२/१०२६
जारी मिति - २०४२/०९/०५, जि.प्र.का. दोलखा
बाबु - चन्द्र बहादुर खत्री के.सी.
बाजे - जमान सिं खत्री
स्थायी ठेगाना- दोलखा जिल्ला, चरिकोट गा.वि.स., वडा नं. ०१
हालको ठेगाना- दोलखा जिल्ला, भीमेश्वर न.पा., वडा नं. ०३

३. **दुर्गा थापा**
ना.प्र.नं.- ३४६/९४८७
जारी मिति - २०४५/०९/१३, जि.प्र.का. दोलखा
पति - भगत बहादुर के.सी.
बाबु - विक्रम बहादुर थापा
बाजे - राम बहादुर थापा
स्थायी ठेगाना- दोलखा जिल्ला, चरिकोट गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- दोलखा जिल्ला, भीमेश्वर न.पा., वडा नं. ०३

४. **कौशीला कार्की**
ना.प्र.नं.- २२१०१४-१७२
जारी मिति - २०६६/०३/२८, जि.प्र.का. दोलखा
पति - सन्जय के.सी.
बाबु - गणेश बहादुर कार्की
बाजे - पित बहादुर कार्की
स्थायी ठेगाना- दोलखा जिल्ला, भीमेश्वर न.पा., वडा नं. १३
हालको ठेगाना- दोलखा जिल्ला, भीमेश्वर न.पा., वडा नं. ०३

**धितो सुरक्षणको विवरण**

१. **भगत बहादुर के.सी.**को नाममा मालपोत कार्यालय, दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, चरिकोट गाविस/न.पा. वडा नं. १ स्थित कित्ता नं. ४०८, ४४२, ३७० र ४०५ को क्षे.फ. क्रमशः ४२०, २०६, ५९५ र ३५८ (व.मि) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१